नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२२६ दायर मितिः-२०८१/०९/१८**

**फैसला मितिः-२०८१/१२/२५**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **नामखेन लामाको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१३ बस्ने दिनेश साहको छोरा वर्ष २४ को रोहित साह समेत ६ जना ...........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले आँखा शिविरमा खटिएका विदेशी महिला स्टाफहरु गाली गलौज गरेकोमा जाहेरवालाले सम्झाई बुझाई गर्दा उल्टै जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने भन्ने जाहेरी दरखास्त.।
२. आँखा शिविरमा खटिएका विदेशी महिला स्टाफहरु गाली गलौज गरेकोमा जाहेरवालाले सम्झाई बुझाई गर्दा उल्टै जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गर्नु हुदैन थियो । यसमा आफ्नो गल्ती स्वीकार गरी कानून बमोजिम सजय भोग्न तयार छु भन्ने प्रतिवादीहरुको बयान कागज।
४. आँखा शिविरमा खटिएका विदेशी महिला स्टाफहरु गाली गलौज गरेकोमा जाहेरवालाले सम्झाई बुझाई गर्दा उल्टै जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको सुनि थाहा पाएको हुँ । यसरी अभद्र व्यवहार गर्ने प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संतोष कुमार दास समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. घटना विवरण कागज गर्ने संतोष कुमार थारुसँग बकपत्र कार्य सम्पन्न भएको भनि जि.स.व.का., पर्सालाई यस कार्यालयबाट लेखिएको पत्र ।
९. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा हामी साथिहरु मिति २०८१।०९।१३ गते अ.१९:०० बजेको समयमा जिल्ला पर्सा पर्सागढी न.पा.वडा नं.३ स्थित ईन्दु झबराहा जंगल रिसोर्टमा पिकनिक खाई स्पिकर बजाई नाँच गान गरिरहेको अवस्थामा सोही रिसोर्टको कोठामा बसेका जाहेरवाला नामखेन लामाले हामी नाचगान गरी रहेका साथी उपर पानी फ्याकेको हुँदा हामी र जाहेरवाला बिच वाद विवाद तथा गालि गलौज भएको तर जाहेरवालालाई हातपात गरेको कुरा गलत हो भनि यस प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई आंशिक ईन्कारी बयान गरेको, मिति २०८१।०९।०९ गतेदेखि जिल्ला पर्सा पर्सागढी न.पा.वडा नं.४ को वडा कार्यालयमा आँखा शिविर संचालन भएकोमा सोही दिनदेखि म लगायत तिलगंगा आँखा अस्पताल काठमाण्डौको मेडिकल कर्मचारीहरु समेत इन्दु झवराहा रिसोर्टमा बस्दै आएकोमा मिति २०८१।०९।१३ गते बेलुका रिसोर्टमा आगो तापी बसिरहेको अवस्थमा बिपक्षीहरु रोहित साह, अभिषेक गुप्ता, सार्थक सर्राफ भन्ने सुरज सोनी, बिजय रंजन कर्ण, अंकित रंजन र अनुराग राज कर्णले शिविरमा खटिएको बिदेशी महिला स्टापहरुलाई गाली गलौज गरेकोले निजहरुलाई सम्झाई बुझाई गर्दा उल्टै मलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी

दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा घटना विवरण साक्षी संतोष कुमार थारुले गरेको बक पत्र समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुले रिसोर्टमा आगो तापी बसिरहेको आँखा शिविरमा खटिएका जाहेरवाला र बिदेशी महिला कर्मचारीहरुलाईसमेत गाली गलौज गरी अभद्र व्यवहार गरेको कसुर स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु रोहित साह, अभिषेक गुप्ता, सार्थक सर्राफ भन्ने सुरज सोनी, बिजय रंजन कर्ण, अंकित रंजन र अनुराग राज कर्णलाई कैद दिन ४ र जरिवाना जनही रु.७०००/- (अक्षरेपी सात हजार मात्र) हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु रोहित साह, अभिषेक गुप्ता, सार्थक सर्राफ भन्ने सुरज सोनी, बिजय रंजन कर्ण, अंकित रंजन र अनुराग राज कर्णलाई ठहरेको कैद दिन ४ को हकमा निजहरु मिति २०८१/०९/१४ देखि २०८१/०९/१७ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निजहरुले क्रमश र.नं.१६६, १६७, १६८, १६९, १७० र १७१/२०८१/०९/१९ बाट दाखिला गरेको जनही धरौटी रकम रु.७०००/- बाट जनही जरिवाना रकम रु.७०००/-कट्टी गर्नु------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

गणेश अर्याल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ चैत्र महिना २५ गते सोमवार रोज २/ ने.सं. ११४५ चौलाथ्व दशमी, शुभम् ........